# कोरोनाभाइरस महामारी: यार्सागुम्बा टिप्न नपाएपछि 'आम्दानी गुम्यो, अहिले छाक जुटाउनै गाह्रो'

प्रकाश पन्त
बीबीसी न्यूज नेपाली, सुर्खेत

२९ अगष्ट २०२०



UTTAM BABU SHRESTHA

**विगत १२ वर्षदेखि डोल्पाका पाटनमा बहुमूल्य जडीबुटी यार्सागुम्बा टिप्दै आएकी जाजरकोटकी निर्मला परियारले यार्साबाट बर्सेनि तीन–चार लाख रुपैयाँ कमाउने गर्थिन्।**

तर यसपालि कोरोनाभाइरस महामारीका कारण यार्सा सङ्कलन रोकियो। त्यसबाट आफ्नो आम्दानी गुमेको उनको गुनासो छ।

उनको खेतबारीमा उब्जेको अन्नले तीन महिना पनि खान पुग्दैन।

वर्षभरि नै ऋण सापट गरेर साध्य नहुने भएकोले छ जनाको परिवार कसरी पालिने भन्ने चिन्ताले सताउने गरेको उनी बताउँछिन्।

- लोप हुँदै गएको यार्सागुम्बा कोरोनाभाइरसका कारण बढ्ने आशा
- यार्सा टिप्न जाँदा ऋणको भारी

कर्णाली प्रदेशमा यार्सागुम्बामा निर्भर ग्रामीण अर्थतन्त्रकी उनी प्रतिनिधिपात्र हुन्।

## घरखर्च जुटाउन चुनौती

कोरोनाभाइरस नियन्त्रणका लागि लगाइएका प्रतिबन्धहरू र रोग सर्ने डरका कारण उनीजस्ता हजारौँ मानिसहरूले यस वर्ष आफ्नो आयस्रोत गुमाएका छन्।

यार्सागुम्बाको आम्दानीले वर्ष भरिको खर्च जुटाउँदै आएकी उनी भन्छिन्, “गाउँमा आम्दानी गर्ने अरू उपाय छैन। यो वर्ष कसरी घर खर्च जुटाउने?”


UTTAM BABU SHRESTHA

मानिसहरू गाउँ नै रित्तो बनाएर यार्सागुम्बा टिप्न जान्थे

बर्सेनि यार्सागुम्बाकै आम्दानीमा भरपर्दै आएका जाजरकोटकै मानबहादुर विश्वकर्मा पनि आम्दानी गुम्दा यो घरव्यवहार चलाउन मुस्किल परेको गुनासो गर्छन्।

उनी भन्छन्, "ऋण गरे तिर्ने उपाय छैन। खाने लगाउने सबै किन्नुपर्छ, आम्दानी गुम्दा छाक जुटाउनै समस्या भएको छ।"

## गुम्यो वर्ष दिनको कमाइ

यार्सागुम्बा सङ्कलन गर्न जान नपाउँदा अहिले हजारौँ परिवार आर्थिक समस्यामा परेका छन्। अरू आयस्रोत नभएकाले अहिले चुलो बाल्न र जीवन धान्न पनि कठिन भएको उनीहरूको भनाइ छ।

- नेपालमा खपत बढ्यो, तर बेसार सेवन गर्दा जान्नैपर्ने पाँच मुख्य कुरा यस्ता छन्
- कोरोनाभाइरसको खोप बनाउन सघाउने 'रुसी प्रस्ताव', के नेपालले उत्पादन गर्न सक्ला

कमजोर आर्थिक अवस्था भएका कर्णालीसहित विभिन्न जिल्लाका मानिसहरू यार्सा सङ्कलन गर्ने र त्यसैबाट जीवन चलाउँदै आएका थिए।

लामो समयदेखि यार्सासम्बन्धी अध्ययन गरिरहेका डा. उत्तमबाबु श्रेष्ठ यार्सागुम्बा सङ्कलन गर्न बर्सेनि पाटन पुग्नेहरूको आम्दानीको ७७ प्रतिशतसम्म स्रोत यार्सागुम्बा रहेको बताउँछन् ।

श्रेष्ठका अनुसार त्यही आम्दानीले खाद्यान्न र लत्ताकपडा किन्ने, औषधोपचार गर्ने, छोराछोरीको पढाइ खर्च जुटाउने गरिन्थ्यो।

यार्सा संकलन नहुँदा सरकारलाई प्राप्त हुने राजस्व पनि घाटा लागेको छ ।

निर्मला र उनका पति यज्ञले यार्सा टिप्न पाटन गएर एक–डेढ महिनाको कमाइले वर्षभरि पुऱ्याउँथे।

छोराछोरी पढाउने लेखाउने, घरखर्च चलाउने, अन्नपात किन्ने, लत्ताकपडा फेर्ने सबै त्यही आम्दानीबाट गर्दै आएकोमा यसपालि उनीहरू समस्यामा परेको सुनाउँछन्।

- यार्सागुम्बा टिप्न लेकमा जाँदा ज्यानलाई कस्तो जोखिम
- यार्सा टिप्न साना केटाकेटी पनि लेकमा, कर्णालीका गाउँ सुनसान

यज्ञ परियार भन्छन्, “यार्साको आम्दानी नहुँदा गाउँलेले पनि पत्याउन छाडे, त्यसैले भोकभोकै बस्नु पर्ने अवस्था सिर्जना हुन थालेको छ।”

विसं २०५५ देखि यार्सा टिप्दै आएका मानबहादुर विश्वकर्माका परिवारका छ जना बर्सेनि यार्सा टिप्न जान्थे। त्यसबाट उनीहरू एक वर्षमा १० लाख रुपैयाँसम्म कमाउँथे।

"यार्साबाहेक गाउँमा रोजगारीका अवसर छैनन्," उनी भन्छन्, "त्यसैले दिनहरू बित्दै जाँदा समस्याहरू झन् बल्झिँदै जाने देखिन्छ।"

UTTAM BABU SHREATHA

डोल्पाका टोपबहादुर शाही पनि यो वर्ष यार्साको आम्दानी गुमेपछि कसरी एक वर्षको खर्च धान्ने भनेर चिन्ताले सताउन थालेको बताउँछन्।

उनी विगतमा यार्सागुम्बा बेचेर कमाएको पैसाले वर्षभरि चाहिने खाद्यान्नको जोहो गर्थे। "यसपालि चुलो बाल्न पनि गाह्रो छ," उनी भन्छन्।

डोल्पा, जुम्ला, मुगु, हुम्ला, दार्चुला, म्याग्दी, रुकुम, मनाङ, गोरखा, सिन्धुपाल्चोक लगायतका जिल्लाका पाटन पुगेर प्रत्येक वर्ष जेठदेखि असारसम्म हजारौँ मानिसले यार्सागुम्बा टिप्ने गर्छन्।

विगतका वर्षहरूमा जेठ १५ गतेदेखि यार्सा सङ्कलन गर्न खुला गरिन्थ्यो। तर यसपालि कोरोनाभाइरस फैलिने डरले ती जिल्लामा स्थानीय प्रशासनले यार्सागुम्बा टिप्न रोक लगाएपछि धेरै मानिस मर्कामा परेका छन्।

"आम्दानीको स्रोत रोकियो," यसपालि यार्सा टिप्न नपाएकाहरू भन्छन्, "सरकारले दिएको राहत हप्ता दिन पनि पुगेन।"

नेपालमा प्रत्येक वर्ष झन्डै पाँच अर्ब रुपैयाँको कारोबार हुने यार्सागुम्बाबाट सरकारले दुई करोड रुपैयाँजति राजस्व सङ्कलन गर्ने गरेको डा. श्रेष्ठ बताउँछन्।

**यो पनि हेर्नुहोस्**





01:41

## मुख्य समाचार

**पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको घरमा प्रहरी प्रवेश, उनी अदालतमा 'उपस्थित'**

१ घण्टा पहिले

**के रुसी राष्ट्रपति पुटिन वास्तवमै पक्राउ पर्न सक्छन् ?**

५ घण्टा पहिले

**यी हुन् विश्वकप क्वालिफायरका लागि नेपाली क्रिकेट टोलीले गर्नुपर्ने पूर्वतयारी**

२ घण्टा पहिले

## अनि यो पनि



पशुपतिनाथको ढोकैबाट दानपात्र चोरिएको घटनामा छानबिन समितिले गऱ्यो यस्तो शङ्का

१७ मार्च २०२३



अमेरिकासँग २२० क्रूज क्षेप्यास्त्र किन्दै अस्ट्रेलिया, चीनको प्रभाव कम गर्न कति आवश्यक?

१७ मार्च २०२३



ककपिटमा कफीको कप फेला परेपछि भारतमा पाइलटलाई उडाउनमा रोक

१६ मार्च २०२३




नेपाली राष्ट्रिय क्रिकेटमा पछिल्लो सफलताको मन्त्र के हो?

१६ मार्च २०२३



अब विदेश जानेलाई दुई वर्षभन्दा बढी समयको श्रम स्वीकृति

१७ मार्च २०२३



'मलमा अनुदान कटौतीको असर महिनौँपछि मात्र', तर बजारमा मूल्य 'दोबर'

१६ मार्च २०२३



विश्वासको मतपछि प्रधानमन्त्रीमा 'आलोपालो-सम्झौता'

१५ मार्च २०२३



रुसी विमानसँग ठोक्किएपछि अमेरिकी ड्रोन दुर्घटनाग्रस्त

१५ मार्च २०२३

बिहीवार नेपालले यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?

१५ मार्च २०२३

## धेरै पढिएको

१ यी हुन् विश्वकप क्वालिफायरका लागि नेपाली क्रिकेट टोलीले गर्नुपर्ने पूर्वतयारी

२ पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको घरमा प्रहरी प्रवेश, उनी अदालतमा 'उपस्थित'

३ नेपाल र यूएईबीच खेलको अन्तिम अवस्थामा उत्पन्न भएको नाटकीय परिस्थिति खासमा के थियो?

४ के रुसी राष्ट्रपति पुटिन वास्तवमै पक्राउ पर्न सक्छन् ?

५ भारतीय यूट्यूबरद्वारा प्रहरीसमक्ष आत्मसमर्पण, नेपाली कामदारलाई उनको भिडिओले कस्तो प्रभाव पारेको थियो?




© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**